सुनिल प्रजापति, ने.म.कि.पा.

| क्रम संख्या | धारा | बिषय | हुनु पर्ने | कारण |
|---|---|---|---|---|
| १. | | प्रस्तावना | प्रतिनिधि सभाबाट घोषणा हुनुपर्ने, | संविधान सात दल र माओवादीको सहमतिमा तयार भएकोले । |
| २. | ४ | नेपाल राज्य | समाजवादी गणतन्त्र उन्मुख | नेपाली जनता प्रगति उन्मुख दिशा तर्फ अगाडि बढिरहेको सन्दर्भमा कामदार वर्गको मुक्ति समाजवादी गणतन्त्रबाट मात्र हुन सक्ने भएकोले । |
| ३. | ७(२) | राष्ट्रिय चिन्ह | 'गाई' को सट्टा 'गैडा' राख्नु पर्ने | नेपाल धर्म निरपेक्ष राज्य घोषणा भएकोले |
| ४. | २० उपधारा (३) | सम्पत्तिको हक | 'उचित' र 'पर्याप्त' शब्द हटाउनु पर्ने | राज्यले क्षतिपूर्ति दिएर वा नदिईकन पनि सम्पत्ति अधिग्रहण गर्न सक्ने भएकोले । |
| ५. | २८ | गोपनियताको हक | 'सम्पत्ति' शब्द हटाउनु पर्ने | प्रजातान्त्रिक व्यवस्था पारदर्शी हुनुपर्ने मान्यताको आधारमा |
| ६. | | संविधान सभाको निर्वाचन | 'मिश्रित निर्वाचन प्रणाली' को आधारमा हुनुपर्ने | नेपाल र नेपाली जनताको भौगोलिक स्थिति, साँस्कृतिक स्तर र राजनैतिक चेतनास्तरलाई ध्यानमा राखी । |
| ७. | ४६ | व्यवस्थापिकको गठन | ने.का.- १७ प्रतिशत<br>एमाले - १७ प्रतिशत<br>ने.का.(प्र.) - १७ प्रतिशत<br>नेमकिपा - ५ प्रतिशत<br>जनमोर्चा - ५ प्रतिशत<br>वाममोर्चा - ५ प्रतिशत<br>नेसपा (आ.) - ५ प्रतिशत<br>नेकपा (माओवादी) - २५ प्रतिशत<br>नागरिक समाज- ४ प्रतिशत | प्रतिगमन विरोधी आन्दोलनमा भएको जन सहभागिता र योगदानको मूल्याँकनको आधारमा । |
| ८. | ११८<br>१५५ | न्यायपरिषद् र संवैधानिक परिषद् | यसको गठन प्रतिनिधि सभाले गर्नुपर्ने, | प्रतिनिधि सभा आन्दोलनकारी शक्तिहरुवीचको सहमतिको आधारमा गठन हुने र न्यायाधिशहरुको पुनर्नियुक्ति गर्ने सैद्धान्तिक सहमतिको आधारमा । |
| ९. | १२४(३)<br>१२७(२) | संवैधानिक अङ्गका प्रमुख र सदस्यहको पदावधि | बढीमा 'चार वर्ष' मात्रै हुनुपर्ने | कर्मचारीतन्त्र स्वेच्छाचारीताको विकास हुने सम्भावना भएकोले |
| १०. | | मताधिकार | '१६ वर्ष' हुनुपर्ने | जनआन्दोलनमा युवाहरुले खेलेको भूमिकालाई उच्च मूल्याङ्कन गर्दै, |
| ११. | १४७(२) | उम्मेदवारको मनोनयन विविधता कायम गर्नु पर्ने | 'मजदूर' र 'किसान' राख्नुपर्ने | अधिकाँश जनता मजदुर र किसान भएको, मजदुर र किसानहरु उत्पीडित, पीडित र शाषित रहँदै आएको,<br>प्रतिगमन विरोधी शान्तिपूर्ण आन्दोलनमा मजदुर र किसानको अत्यधिक सहभागिता भएकोले त्यसको यथोचित मूल्याङ्कन गर्नु पर्ने भएकोले । |
| १२. | १६२(२) घ | संधि सम्झौता | प्राकृतिक श्रोत तथा त्यसको बाँडफाँड लगायत राष्ट्रिय महत्वका विषयमा जनमत संग्रह गर्नुपर्ने | राष्ट्रिय महत्वको विषयमा जनताको अभिमत लिन उपयुक्त हुने भएकोले |